नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०७९ फागुन १२ गते नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यूको संयोजकत्वमा राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमती पत्र वितरण सम्वन्धी कार्यमा भएको सरलीकरण, कोभिड, डेङ्गु जस्ता महामारीको नियन्त्रणका लागि भएका व्यवस्था, खाद्य पदार्थ तथा फलफूलमा हुने विषादी परीक्षणको अवस्था र अनुगमन तथा नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम कार्यान्वयनको तयारी लगायतका विषयमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ६४ औं बैठक बस्यो।

उक्त बैठकमा सिंहदरबार परिसर तथा अन्य सरकारी कार्यालयहरुमा टेलिफोन, बत्ती तथा इन्टरनेट सेवा अवरुद्ध भइरहने समस्या समाधान गरी सेवा प्रवाह प्रभावकारी बनाउन नेपाल टेलिकम, राष्ट्रिय सूचना प्रविधि केन्द्र/विद्युत प्राधिकरण लगायतका निकायहरुसँग समन्वय गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सुशासन क्षेत्रलाई, राष्ट्रिय परिचयपत्र , सवारी चालक अनुमतीपत्र र राहदानीको विद्युतीय प्रणालीलाई एक आपसमा र अन्य सेवा प्रवाहसँग तीन (३) महिनाभित्र आवद्ध गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिनुभयो। त्यसै गरी सवारी चालक अनुमतीपत्र वितरण सम्बन्धमा देखिएका संस्थागत नीतिगत, कानूनी, अनुमतिपत्र, आपूर्ति व्यवस्थापन/वितरण तथा संघ र प्रदेशको अन्तरसम्बन्ध लगायतका विषयमा उठेका समस्याहरु सम्बोधन गर्ने उद्देश्यले एक महिना भित्र ठोश प्रतिवेदन पेश गर्ने गरी एक कार्य टोली गठन गर्न, सिंहदरबारभित्र प्रवेश गर्ने आगन्तुकलाई प्रदान गरिने प्रवेशपासका सम्बन्धमा गृह मन्त्रालयले फोटो र समयावधि सहितको कम्प्युटर प्रणालीमा आधारित केन्द्रीय पास वितरणको व्यवस्था गर्न, सिंहदरबारको पश्चिमतर्फको प्रवेश द्वार वाहेकको सबै प्रवेशद्वारबाट समेत कर्मचारीलाई प्रवेश गर्न र वाहिर जान दिने व्यवस्था मिलाउन समेत निर्देशन दिनुभयो।

त्यस्तै स्वास्थ्य तथा जनसंङ्ख्या मन्त्रालयले डेंगी रोग फैलीन नदिन प्रदेश तथा स्थानीयतह सँगको समन्वय र सहकार्यमा व्यापक जनचेतना कार्यक्रम सञ्चालन गर्न सबै तह र सम्बन्धित निकायको जिम्मेवारी सहितको कार्ययोजना बनाई सो को प्रभावकारी कार्यान्वयन गर्न, हरेक आइतवार कार्यालय परिसरमा लामखुट्टे तथा सो को फूल खोज र नष्ट गर कार्यक्रम सञ्चालन गर्न र कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई फलफूल तथा तरकारीको विषादी परीक्षणको नतिजा सार्वजनिक गर्ने परिक्षणको प्यारामिटर बढाई नियमित रुपमा सबै कार्यालयहरुबाट फिल्डमा गई परिक्षण गर्ने व्यवस्था तत्काल मिलाउन तथा भन्सार विन्दुहरुमा गरिने विषादी परीक्षणलाई व्यवस्थित, भरपर्दो, नियमित र भन्सार खुलेको समयमा परिक्षण हुने व्यवस्था मिलाउन सिफ्ट प्रणालीमा परीक्षणकार्यमा कर्मचारी खटाउने वा भन्सार कार्यालयमा नै क्वारेन्टाइन प्रयोगशाला राख्ने वा निजी क्षेत्रलाई समेत तोकिएको मापदण्डको आधारमा ल्याव सञ्चालन गर्न अनुमती दिने जस्ता विभिन्न विकल्पका वारेमा अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रतिनिधि सहित सम्मिलित टोलीले अध्ययन गरी एक महिनाभित्र प्रतिवेदन पेश गर्न, सबै सरकारी निकायहरुले सम्भव भएसम्म स्वदेशी

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

वस्तुको उपयोग गर्ने प्रवन्ध मिलाउन, अर्थ र गृह मन्त्रालयले समन्वितरुपमा कार्य गरी राजस्व चुहावट नियन्त्रण गर्ने सम्बन्धमा थप प्रभावकारी कार्य गर्न, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सामुदायिक विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकको छपाई गरी समयमा नै पाठ्यपुस्तक उपलब्ध हुने व्यवस्था गर्न समेत श्रीमान् मुख्यसचिवज्यूले निर्देशन दिनु भयो।

उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरु लगायत गृह, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, उद्योग, वाणिज्य तथा आपूर्ति, खानेपानी, भौतिक, पूर्वाधार तथा यातायात, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवज्यूहरुको उपस्थिति रहेको थियो।

२०७९ फागुन १२

सन्तोष प्रसाद दाहाल
सहायक प्रवक्ता